अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्या : २६ मिति : २०८०।०८।२८

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

# बालमैत्री स्थानीय शासन आचारसंहिता

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०८।२७**

# बालमैत्री स्थानीय शासन आचारसंहिता

| बालबालिकाले पालना गर्ने आचारसंहिता | अभिभावकले पालना गर्ने आचारसंहिता | विद्यालय/संघ संस्था तथा निजी एवम् गैरसरकारी क्षेत्रले पालना गर्ने आचारसंहिता | स्थानीय तहले पालना गर्ने आचार संहिता |
|---|---|---|---|
| • विद्यालय उमेरका सम्पूर्ण बालबालिका नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय जाने<br>• आफनो कर्तब्यको पालना तथा जिम्मेवारीप्रति सधै सचेत रहने | • विद्यालय उमेरका आफना छोरीछोरालाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउने<br>• आफना छोरीछोरालाई आवश्यक खेलकुद तथा पाठयसामाग्रीकोब्यवस्था गर्ने | • प्रत्येक विद्यालयका सेवाक्षेत्रभित्र रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउने<br>• विद्यालय निर्धारित समयसम्म सञ्चालन गर्ने<br>• प्रचलित कानुनको अधिनमा रही विद्यालय सञ्चालन गर्ने | • वडा, गाउँपालिकालाई बालमैत्री घोषणा तथा निरन्तरताका लागि सामाजिक क्षेत्रको कुल पूजिगत वजेटको १० प्रतिशत बिनियोजन गर्ने<br>• बाल उद्यान निर्माण गर्ने<br>• विद्यालयको अवस्था अनुगमन गर्ने |

| | | | |
|---|---|---|---|
| • विद्यालय हाताभित्र विद्यालयको बालमैत्री नियमको पालना गर्दै उछृङखल व्यवहार नगरी अनुशासित बन्ने | • विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने | • विद्यालयमा बालबालिका, अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको बारेमा सचेत गराउने | • विद्यालय व्यवस्थापन समितिको बैठकमा उपस्थित हुने |
| • बाल समुहहरुमा सक्रिय सहभागीता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव नगर्ने | • बालबालिकालाई अनुशासित र योग्य बनाउन बाल समूह तथा संस्कार सदनमा सहभागी हुन प्रेरित गर्ने र भेदभाव नगर्ने | • बालबालिका तथा अभिभावकलाई बाल समूहको महत्व बारे सचेत गराउने | • बाल समुह सञ्जाल गठन सञ्चालन, सहजीकरण, क्षमता विकासका लागि अवसर दिने र बैठक गर्न सिकाउने |
| • विद्यालय र समुदायस्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने<br>• निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुने | • समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने | • घर परिवार तथा समाजमा बालमैत्री वातावरण सिर्जना गर्न अभिप्रेरित गर्ने<br>• मार्गदर्शन बमोजिम बाल समूहहरु सञ्चालन गर्ने | • भौतिक पूर्वाधार निर्माण गर्दाबालमैत्री, अपांगतामैत्री अवधारणा अवलम्बन गर्ने |
| • बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी नहुने र अन्यत्र हुन लागेमा सुरक्षा निकाय वा गाउँपालिकामा जानकारी दिने । | • बालविवाह, बालयौन दुर्व्यवहार, बालश्रम जस्ता कार्य नगर्ने, गर्न पनि नदिने तथा सो देखिएमा सम्बन्धित निकायमा सूचना दिने | • बालबालिकाहरुमाथि हिंसा, दुर्व्यवहार, बालश्रमशोषण गर्नेलाई दण्डित गर्ने र रोक्न सचेतना फैलाउने | • बालबलिकामाथि शोषण हिंसा तथा दुर्व्यवहार गर्ने गराउनेलाई दण्ति गर्ने<br>• बालबिबाह, लागु पदार्थ बेचबिखन, बालश्रम गर्ने गराउनेलाई दण्ति गर्ने |
| • बालबालिकाका आधारभूत आवश्यक्ताहरु पोषिलो खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बालअधिकारका विषयहरुबारे जानकारी राख्दै अरुलाई पनि सिकाउने | • बालबालिकालाई बालअधिकार र कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने<br>• वातावरण, व्यवहार, वोली बचन, आनीवानी बालमैत्री बनाउने | • दण्डरहित र बालमैत्री वातावरणमा पठनपाठन गर्ने<br>• बालअधिकारको संरक्षण गर्ने<br>• बालबालिका तथा अभिभावकहरुलाई बालअधिकार सम्बन्धमा सचेत गराउने | • बिद्यायालय जाने उमेरका सबै बालबालिकालाई विद्यायालयको पहुँचमा पुऱ्याई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने<br>• बालमैत्री स्थानीय शासनयुक्त विद्यालय घोषणाका लागि आवश्यक अनुगमन तथा वातावरण तयार गर्ने |
| • अपांगता भएका बालबालिकालाई सहयोग गर्ने<br>• आफुले सकेको काममा परिवारलाई सहयोग गर्ने<br>• बजारिया पत्रु खानाभन्दा घरायसी पोषिलो खाना खाने<br>• बाल दुर्व्यवहार, विभेद, | • भिन्न क्षमता भएका बालबालिकाहरुको आवश्यकताको पहिचान गरी सहयोग पुऱ्याउन पहल गर्ने<br>• छोरा छोरीमा विभेदपूर्ण व्यवहार नगर्ने | • गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने<br>• संघसंस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री तथा अपांगमैत्री बनाउने | • बालबालिकाद्वारा बालमैत्री योजना छनोट गरी कार्यान्वयनका लागि वार्षिक योजनामा समावेश गर्ने |

| | | | |
|---|---|---|---|
| श्रमशोषण विरुद्ध आवाज उठाउने<br>● यातायातका साधनमा जथाभावी नझुण्डिने, ट्राफिक नियमको पालना गर्ने | | | |
| ● आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा आफ्नो अभिभावकलाई सोध्ने<br>● आफूसँग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने<br>● अनुशासनहीन कार्यमा सहभागी नहुने | ● अभिभावक समक्ष निर्धक्कसँग बालबालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्ने | ● वडा, गाउँपालिकाको योजना छनौट प्रकियामा बालबालिकाको अर्थपूण सहभागिता सुनिश्चत गराउने<br>● बाल उद्यानको व्यवस्था गर्ने | ● स्थानीय सरकार संचालन ऐन, नियम, रणनीतिले दिएको अधिकार प्रयोग गरी वडालाई बालमैत्री घोषणा गर्ने<br>● गाउँपालिका क्षेत्र भित्रका बालबालिकालाई वडा भेला,योजना तर्जुमा समिति र सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणमा बालबालिकाको सक्रिय सहभागीताको सुनिश्चितता गर्ने |
| ● गाउँघरमा हुन लागेको तथा भइरहेको वालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रमजस्ता कुराहरु हुन नदिने, सोको जानकारी सम्बन्धित निकायलाई दिने | ● आफ्नो घरमा कुनैपनि बालबालिकाको बालविवाह नगर्ने र गर्न पनि नदिने<br>● बाल श्रममा नलगाउने र हरुलाई पनि सचेत गर्ने | ● आफनो उद्योग धन्धामा बालबालिका प्रयोग नगर्ने<br>● बालविवाह र बालयौन दुर्व्यवहारलाई अन्त्य गर्न सधै प्रयासरत रहने | ● बालश्रम ,बालबिबाहमुक्त वडा घोषणा र निरन्तरता गर्ने<br>● बालविवाह हुन नदिनका लागि सरोकारवालाहरुलाई निरन्तर सचेत गर्ने गराउने |
| ● समय तालिका अनुसार पढ्ने लेख्ने, सुत्ने, खेल्ने आधुनिक प्रविधिको उचित प्रयोग गर्ने | ● पढ्न लेख्न, खान, सुत्न, खेल्न र सञ्चार आधुनिक प्रबिधिको उचित प्रयोग गर्न समय तालिका बनाउने ।<br>● नियमित स्वास्थ्य परीक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउने | ● समुदायमा बाल स्वास्थ्य सम्बन्धी सचेतना जगाउनुको साथै व्यक्तिगत सरसफाइ र पोषण सम्बन्धी जानकारी गराउने | ● विषयगत सेवा प्रदायक निकाय, शाखासँग निरन्तर वहस छलफल गरी उचित<br>● सेवा प्रवाहको वातावरण निर्माण गर्ने |
| ● सुर्तीजन्य, मादक पदार्थको प्रयोग तथा खरिद बिक्री एवम् दुर्व्यसनमा संलग्न नहुने | ● मादक पदार्थ तथा सुर्तीजन्य पदार्थको खरिद विक्रीमा बालबालिकालाई संलग्गन नगराउने र बालबालिका अगाडि प्रयोग नगर्ने | ● धुम्रपान, मद्यपान, सुर्तीजन्य सामाग्रीहरु खरिद विक्री, ओसार-पसार गर्न बालबालिकालाई नलगाउने र अरुलाई पनि सचेत गराउने | ● कानूनी आधारमा कुलत कुसंगती न्यूनीकरणका लागि सम्बन्धित निकायको सहयोग लिई कार्य गर्ने |
| ● बाल अधिकारको हनन् भएको अवस्था देखेमा सम्बन्धित निकायमा तुरुन्त | ● कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा | ● विद्यालय हाताभित्र धुम्रपान, मद्यपान, सुर्तीजन्य सामाग्रीहरु | ● निरन्तर घरदैलो अनुगमन तथा उत्प्रेरणा जागरण गर्ने |

| | | | |
|---|---|---|---|
| खवर गर्ने<br>● भइरहेको बिबाह बाल बिबाह हो कि ? सचेत भईमात्र सहभागी हुने | समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्ने | प्रयोग नगर्ने र आसपास क्षेत्रमा बिक्रीवितरण पनि नगर्ने<br>● बाल अधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्ने<br>● निर्माण, यातायात, होटेल,उद्योग ब्यापार आदिमा बालश्रम निषेध गर्ने | ● बालबालिकाहरुलाई कुनै पनि किसिमका द्वन्द्व,, नारा जुलुस, राजनितिक कार्यक्रममा संलग्न नगराउने |
| ● अपरिचित व्यक्तिको ललाइ-फकाइ तथा प्रलोभनमा नफस्ने<br>● राजनितिक दलको सभा, जुलुसमा सहभागी नहुने | ● अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउने<br>● बालबालिकालाई हिंसा दुर्व्यवहारबाट बच्ने उपायको बारेमा जानकारी गराउने | ● निर्णय प्रक्रियामा बालबालिकाहरुको सान्दर्भिक सहभागिता गराउने<br>● बालबालिकाका लागि नियमित रुपमा कार्यक्रम सञ्चालन गर्नुका साथै आवश्यक वजेट विनियोजन गर्ने<br>● बालसमूह सञ्चालनमा सहजीकरण गर्ने | ● बालमैत्री सूचक प्राप्त भएका कागजात व्यवस्थापन गर्ने<br>● गाउँपालिका तथा वडाहरुमा बालमैत्री शाखा स्थापना गर्ने |
| ● आफू आवद्ध रहेको वा आफूलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागिता जनाउने<br>● बाल समूह मार्फत बाल सहभागिता अभिबृद्धिमा पहल गर्ने | ● बाल समूह तथा बालबालिका आवद्ध भएको सामाजिक संघसंस्थाको कार्यक्रम तथा बैठकमा अर्थपूर्ण सहभागिताको लागि प्रेरित गर्ने | ● विद्यालय व्यवस्थापन समिति, बाल समूह तथा विभिन्न सामाजिक संरचनामा बालबालिकाको संस्थागत अर्थपूर्ण सहभागिता गराउने | ● अर्थपूर्ण बाल सहभागिताको लागि विषयगत सरोकारवालासँग निरन्तर समन्वय गर्ने |
| ● दिसा पिसावको लागि चर्पीको प्रयोग र चर्पीको सरसफाइ गर्ने<br>● विद्यालय हाताभित्र सरसफाइ राख्न सहयोग गर्ने | ● सुलभ तथा बालमैत्री शौचालयको व्यवस्था गर्ने<br>● स्वच्छ खानेपानीको व्यवस्था गर्ने र हातधुने बानी सिकाउने | ● बालमैत्री, अपांगतामैत्री शौचालयको व्यवस्था गर्ने<br>● विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधिले तोके बमोजिमको शौचालय तथा मूत्रालयको व्यवस्था गर्ने | ● खुला दिसामुक्त घोषणापश्चात् यसको निरन्तरता र दिगोपनको योजना तयार गर्ने<br>● खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि आवश्यक कानुनी प्रवन्ध गर्ने<br>● पूर्ण सरसफाइ अभियानलाई निरन्तरता दिने |
| ● व्यक्तिगत सरसफाइमा ध्यान दिने<br>● महिनावारी स्वच्छता व्यवस्थापन उचित ढंगले गर्ने<br>● जोखिमपूर्ण अवस्थामा | ● व्यक्तिगत सरसफाइ कायम राख्ने<br>● आफ्ना बालबालिकाको व्यक्तिगत सरसफाइ अभ्यासको अवलोकन गरी आवश्यकता अनुसार | ● स्वच्छ र सुरक्षित पिउने पानीको व्यवस्था गर्नुका साथै सरसफाइ सम्बन्धी सचेतना जगाउने<br>● गाउँपालिकाले तयार गरेको वास प्लानलाई | ● गाउँपालिकास्तरीय वास प्लान तयार गर्ने<br>● वास प्लानको कार्यान्वयनका लागि आवश्यक नीतिगत एवम् कानुनी व्यवस्था गर्ने |

| | | | |
|---|---|---|---|
| साबुन पानीले हात धुने र अभिभावक तथा अन्य बालबालिकालाई समेत सोका लागि प्रेरित गर्ने | सुझाव दिने | कार्यान्वयनमा ल्याउन सहयोग गर्ने | • एक घर एक धाराको घोषित नीतिलाई कार्यान्वयनमा ल्याउने |
| • पत्रु खाना नखाने र भाइ बहिनीहरुलाई समेत पोषिलो र सन्तुलित खानेकुरा खुवाउन सहयोग गर्ने<br>• ६महिनासम्मको बालबालिकालाई आमाको दूधमात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउने | • समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाउने<br>• शिशुको स्याहार र पोषणको सुनिश्चितताका लागि जन्मान्तरमा ध्यान दिने | • सन्तुलित भोजन, पोषण तथा शिशु स्याहारको बारेमा सबै सरोकारवालालाई जानकारी गराउने | • सरोकारवालाको क्षमता विकास गर्ने<br>• गाउँपालिकाले खाद्य स्वच्छता तथा गुणस्तर अनुगमन मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याउने<br>• पूर्ण सरसफाइ अभियान अन्तर्गत सुरक्षित खानाको सूचकलाई प्राथमिकता दिने |
| • बालबालिका घरबाहिर निस्कनुपर्दा सुरक्षित हुदै घरपरिवारको ज्येष्ठ सदस्यको अनुमति लिएर मात्र बाहिर निस्कने | • आवश्यक परेको सन्दर्भमा बालबालिकाको उपस्थितिको आवश्यकतालाई मध्यनजर गरी सम्बन्धित क्षेत्रमा अर्थपूर्ण सहभागिता गराउने | • घरबाट बाहिर निस्किदा बालबालिकामाथि हुनसक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपायबारे सचेत गराउने | • समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना र सञ्चालन गर्ने<br>• बाल संरक्षण कोषको उचित व्यवस्थापन र परिचालन गर्ने |
| • विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाइ सप्ताह लगायतका राष्ट्रिय अभियानहरुमा बाल समूह मार्फत जनचेतना अभियानमा सहयोग गर्ने | • बालबालिका जन्मिएको ३५ दिनभित्र नै जन्मदर्ता गर्ने<br>• बालबालिकालाई बस्तुनिष्ठ रुपमा के ठीक र के बेठीक भन्ने कुरा सिकाउने | • जन्मदर्ता अभियान, खोप अभियान, सरसफाइ सप्ताह, बाल दिवस, महिला हिंसाविरुद्धको राष्ट्रिय अभियान लगायतका क्रियाकलापमा सहकार्य गर्ने | • जन्मदर्ता अभियान सञ्चालन गर्ने<br>• नागरिक सहभागितामा विभिन्न दिवस मनाउने<br>• तथ्यांक संकलन तथा व्यवस्थापनका लागि आवश्यक कानुनी प्रवन्ध गर्ने<br>• तथ्यांकहरुको स्थानीयकरण गर्ने |
| • विद्यार्थी भर्ना अभियानमा साना भाइ बहिनी र अभिभावकलाई उत्प्रेरित गर्ने | • ३ वर्ष पूरा गरेका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना गर्ने<br>• बालबालिकालाई हप्काउने, तर्साउने नगर्ने, उनीहरुलाई फकाइ फुल्याई बाल विकास केन्द्रमा जान प्रेरित गर्ने | • उमेर पुगेका बालबालिकालाई बाल विकास केन्द्रमा भर्ना गर्ने<br>• बाल विकास केन्द्र सञ्चालन गर्ने<br>• कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने | • प्रारम्भिक बाल विकास केन्द्र सञ्चालनका लागि गाउँपालिकास्तरीय मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने<br>• बाल विकास केन्द्रको उचित व्यवस्थापन गर्ने<br>• उमेर पुगेका बालबालिकालाई बाल विकास केन्द्र तथा विद्यालय भर्नाका लागि नीतिगत व्यवस्था, कार्ययोजना तयारी र भर्ना अभियान सञ्चालन गर्ने |

| | | | |
|---|---|---|---|
| | | | • अभिभावक साक्षरता कार्यक्रम सञ्चालन गर्ने |
| • बाल समूहको सहभागितामा बालमैत्री स्थानीय शासनको प्रचार प्रसार गर्ने | • बालमैत्री स्थानीय शासन सुनिश्चित गर्ने र दिगोपनको अभियानमा पूर्ण रुपमा प्रतिवद्ध भई लाग्ने | • बालमैत्री लगानी योजना तर्जुमा गर्न गाउँपालिकासँग सहकार्य गर्ने<br>• योजना कार्यान्वयनमा सहयोग गर्ने<br>• बालमैत्री स्थानीय शासन सुनिश्चितताका सरोकारवालाको भूमिका पूरा गर्ने कार्यमा सहजीकरण गर्ने | • बाल सहभागितामा बालमैत्री योजना छनौट गर्ने<br>• बालबालिकाका लागि आवधिक लगानी योजना निर्माण गरी कार्यान्वयन गर्ने<br>• बालमैत्री योजना कार्यान्वयनको अवस्था अनुगमन गरी स्थितिपत्र तयार गर्ने |
| • आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने<br>• आफू र आफ्ना साथी तथा भाइ बहिनीमा भएको प्रतिभा प्रष्फुटनका लागि प्रेरित गर्ने | • आफ्ना बालबालिकामा भएको प्रतिभा प्रष्फुटनका लागि सहयोग गर्ने<br>• बालबालिकालाई उमेर अनुसारको आदरार्थी शब्द प्रयोग गर्ने | • घरायसी आदर सम्मानबारे बालबालिकाको क्षमता बिकास गर्ने<br>• बाल सहभागिता गराउँदा अभिभावकको स्वीकृति लिने | • विस्तृत गुणात्मक सर्वेक्षण गरी सामाजिक सुधारका सवाल पहिचान गर्ने<br>• पहिचान गरिएका सवाल सम्बोधनका लागि वार्षिक तथा दीर्घकालीन कार्यक्रम तर्जुमा गर्ने<br>• नागरिक सहभागितामा सो कार्यक्रम कार्यान्वयन गर्ने |
| • बालमैत्री योजना कार्यान्वयनमा आए नआएको अनुगमन गर्ने<br>• बालमैत्री कार्ययोजना कार्यान्वयनमा ल्याउन सहयोग र सहजीकरण गर्ने | • बालबालिकासँग सम्बन्धित योजना कार्यान्वयनका लागि सहयोग गर्ने<br>• बालबालिकाको सहभागिताका लागि प्रेरित गर्ने | • बाल सहभागिता अभिवृद्धिका लागि क्यालेन्डर तयार गर्ने<br>• क्यालेन्डर कार्यान्वयनमा ल्याउन सहजीकरण गर्ने | • जेहन्दार बालबालिकालाई सम्मान गर्न कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने |

नोट :बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, कार्यान्वयन कार्यविधि २०६८ र गाउँपालिकाको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि २०८० बमोजिम मिति २०८० कार्तिक २८ गते गाउँपालिकाका सरोकारवालाको सहभागितामा बालमैत्री स्थानीय शासनका सूचक तथा अतिरिक्त सूचक प्राप्तिका लागि बालमैत्री आचारसंहिता तयार गरी कार्यपालिकाद्वारा अनुमोदन पश्चात् कार्यान्वयनमा ल्याइएको छ ।

राजपत्रमा प्रकाशित मितिः २०८०।०८।२८

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत